म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ३२३ बिहीबार २१ असार २०८० ने. सं. ११४३ दिल्लाथ्व 6 July 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## हेटौंडा-१९ बाट डेढ क्वीन्टल गाँजा बरामद

हेटौंडा, २० असार/जिल्ला प्रहरी कार्यालय मकवानपुरले डेढ क्वीन्टल लागुऔषध गाँजा बरामद गरेको छ । पूर्वपश्चिम राजमार्ग अर्न्तगत हेटौंडा उपमहानगरपालिका-१९ अधेरीखोलास्थित सडकमा रोकी राखेको ईन्डियन ट्रकबाट १ सय ५० किलोग्राम लागुऔषध गाँजा बरामद गरिएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । ईलाका प्रहरी कार्यालय नेवारपानीबाट खटिएको गस्ती टोलिले रोकी राखेको आरजे ०२ जिए ८३८८ नम्बरको ईन्डियन ट्रकलाई शंका लागेर चेकजाँच गर्दा ड्राईभर बस्ने सिटदेखि माथीको भागमा लुकाईछिपाई राखेको अवस्थामा १५ बण्डलमा लागुऔषध गाँजा बरामद गरिएको हो । प्रहरीका अनुसार ट्रकका चालक र सहचालक भने फरार छन् । लागुऔषध गाँजा सहित ट्रक नियन्त्रणमा लिएर अन्य अनुसन्धान कार्य भईरहेको प्रहरीले जनाएको छ ।

# आज बजेट पास गर्ने बागमती सरकारको तयारी

निशा गुरुङ

हेटौंडा, २० असार/ आगामी आर्थिक वर्ष २०८०/८१ को लागि १ असारमा प्रस्तुत बागमती प्रदेश सरकारको बजेट आज बिहीवारको प्रदेशसभा बैठकबाट पास गर्ने तयारी छ ।

१२ असारदेखि बजेट माथिको छलफल गर्ने तयारी भएपनि प्रतिपक्षी दलको अवरोधपछि १८ असारबाट मात्रै सांसदहरुले बजेटप्रतिको धारणा राखेका थिए । बजेट निर्माणमा सरकारले एकलौटी गरेको, जिल्लालाई समावेशी तवर बाट आवश्यकताका आधारमा बजेट बिनियोजन नगरेको, मुख्यमन्त्री, अर्थमन्त्री र भौतिकमन्त्रीको जिल्लामा २२ प्रतिशत बजेट लगेको, कार्यकर्ता पोस्ने गरी टुक्रे योजना धेरै ल्याएकोलगायतका थुप्रै विषयमा प्रश्न उठाएर प्रतिपक्षी दल नेकपा एमाले र राप्रपाले तीन दिनसम्म सदन अवरुद्ध गरेका थिए ।

तर, सत्तापक्षले एमाले र राप्रपासँग योजना समेट्ने प्रतिबद्धता जनाएपछि १८ असार देखि प्रदेशसभाको गतिरोध हटेको थियो । त्यसयता बजेटमाथि निरन्तर चलिरहेको छ । आज बिहीवार बजेटमा उठेका प्रश्नहरुको जवाफ दिने कार्यक्रम सकिएपछि बजेट पास हुने जनाइएको छ । प्रदेशका सभामुख भुवनकुमार पाठकले बाँकी केही मन्त्रीहरु र बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्मकट्टेलले भने आज बिहीवार बस्ने प्रदेशसभामा विधेयकमाथि उठेका प्रश्नको जवाफ दिने जानकारी दिए ।



उनका अनुसार, बिहान ११ बजे बस्ने गरी बोलाइएको प्रदेशसभा बैठकमा बुधवार जवाफ दिन छुटेका मन्त्रीहरुले जवाफ दिएलगतै प्रदेश सरकारले आगामी आर्थिक वर्षको लागि ल्याएको बजेट पारित गर्ने कार्यसूची रहेको छ । बागमती प्रदेशसभाको बुधवार अपरान्ह बसेको दोस्रो बैठकमा आर्थिक वर्ष २०८०-८१ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक-२०८० को छलफलको क्रममा उठेका प्रश्नको मन्त्रीहरुले जवाफ दिएका छन् । असार १८ गते सोमबारबाट छलफल सुरु भएको विधेयकमाथि प्रदेशसभाका सदस्यहरुले उठाएका प्रश्नको जवाफ दिने कार्यसूची अनुसार मन्त्रीहरुले मन्त्रालयगत जवाफ दिएका हुन् ।

बुधबार ६ जना मन्त्रीहरुले मन्त्रालयगत जवाफ दिएका थिए । जसमा भौतिक पूर्वाधार विकास मन्त्री युवराज दुलाल, वन तथा वातावरणमन्त्री मसिना खड्का, स्वास्थ्य मन्त्री उत्तम जोशी, पर्यटन उद्योग तथा सहकारी मन्त्री पुकार महर्जन, श्रम, रोजगार तथा यातायात मन्त्री लक्ष्मण लम्साल, कृषि तथा पशुपंक्षी विकासमन्त्री राजेन्द्रमान श्रेष्ठ रहेका छन् । उनीहरुले छलफलको क्रममा उठेको प्रश्नको जवाफ दिँदै योजनाको तर्जुमा र छनोट गर्दा कुनै राजनीतिक आग्रह पूर्वाग्रहबाट नगरिएको र आर्थिक स्रोधसाधनले भ्याएसम्म राष्ट्रिय गौरवको आयोजना, खानेपानी, सिचाईं, पक्की सडक, पक्की पुल र विद्युत विस्तार, पर्यटन क्षेत्रलाई उच्च प्राथमिकतामा राखेर बजेट बिनियोजन गरिएको बताए ।

उनीहरुले कृषि उत्पादन, पशुपंक्षीको उपचार, स्वास्थ्यउपचार सेवालाई गुणस्तरीय तुल्याउने शिक्षालाई दक्ष जनशक्ति उत्पादनको लागि आवश्यक पूर्वाधार तयार गरी लागू गर्दै लैजाने प्रतिवद्धता जनाए । यसैगरी, सम्बन्धित मन्त्रीहरुले आलोपालोका साथ आफ्नो मन्त्रालयसँग सम्बन्धित कार्यप्रगतिको साथै आगामी आर्थिक वर्षको लागि तर्जुमा गरिएको योजनालाई सम्बन्धित जिल्लाहरुको स्थानीय निकाय र जिल्ला समन्वय परिषदमार्फत अगाडि बढाउने विश्वास व्यक्त गरे ।

उनीहरुले वनलगायत सरकारी जग्गाको संरक्षण, पर्यटन क्षेत्रको विस्तार, धार्मिक मठमन्दिरको मर्मतसम्हार र उत्पादनशील क्षेत्रलाई जोड्ने बैकल्पिक राजमार्गलाई निर्माण र मर्मतसम्हारको लागि पनि बजेट विनियोजित गरिएको जानकारी गराए । प्रदेशको सबै जिल्लामा बाढी-पहिरोबाट प्रभावित क्षेत्रलाई संरक्षण गर्दै दीर्घकालीन योजनको तर्जुमा गरी प्रभावित क्षेत्रका वासिन्दालाई अन्यन्त्र पुनर्स्थापना गर्न र दैविकप्रकोप उद्धार समितिमार्फत घाइतेहरुको उद्दार, उपचार, र आवश्यक सामग्री वितरण गर्नेतर्फ सरकारले पहल गर्ने दृढता व्यक्त गरे ।

# 'प्रचण्डले प्रधानमन्त्री पदमा बसिरहने हैसियत गुमाए'

साझाकुरा संवाददाता

हेटौंडा, २० असार/नेकपा एमालेका सचेतक तथा मकवानपुरका सांसद महेशकुमार बर्तौलाले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड प्रधानमन्त्रीको हैसियतमा बसिरहने आधार गुमाएको बताएका छन् ।

बुधबार बसेको एमालेको संसदीय दलको बैठकपछि सञ्चारकर्मीसँग कुराकानी गर्दै सचेतक बर्तौलाले प्रधानमन्त्री दाहालले प्रधानमन्त्रीको पदमा बस्ने हैसियत गुमाएको आरोप लगाए । उनले प्रधानमन्त्रीले आफूलाई प्रधानमन्त्री बनाउन सरदार प्रितम सिंह भारत गएको भन्ने अभिव्यक्ति दिनुले राजनीतिक र नैतिक हिसाबले सो पदमा बस्ने आधार गुमाएको उल्लेख गरे ।

उनले प्रधानमन्त्रीको अभिव्यक्तिको विरोधमा एमाले संसदमा कडा ढंगले प्रस्तुत हुने पनि स्पष्ट पारे । 'प्रधानमन्त्रीले संसदमाथि गरेको अपमान, जनादेशमाथि गरेको अपमान देशको सार्वभौमसत्ता, स्वाभिमानमाथि गरेको आक्रमणबारे हामीले धैर्यताका साथ संसदमा भूमिका निर्वाह गर्नेछौं ।

संसदमा जोडदार रुपमा प्रस्तुत हुनेछौं ।', उनले भने, 'प्रधानमन्त्रीको निजी विषय होइन । देशको स्वाभिमान, जनादेशसँगको विषय हो । उहाँले राजनीतिक हिसाबले, नैतिक हिसाबले, सबै हिसाबले प्रधानमन्त्रीको हैसियतमा बसिरहने आधार सबै हिसाबले गुमाएको परिस्थिति देख्छौं।',

# टोल विकास संस्थालाई सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, २० असार/ मकवानपुरगढी गाउँपालिका वडा नम्बर ६ भित्र रहेका टोल विकास संस्थालाई विभिन्न सामग्रीहरु सहयोग गरिएको छ ।

गाउँपालिका उपाध्यक्ष मानकुमारी पाखिन नेपाली र वडा नम्बर ६ का वडाअध्यक्ष कृष्ण बजगाईले टोल विकास संस्थाका अध्यक्ष नकुल चौलागाईलाई संयुक्त रुपमा सामग्री हस्तान्तरण गरेका हुन् । टोल विकास संस्थाहरुको सस्थांगत सुदृढिकरण गराउने, सामाजिक सेवामा उत्तरदायी बनाउने र आफ्नो वडामा भएका हरेक समयास्याहरु टोल विकासमार्फत छलफलको बिषय बनाउँदै समाधान निकाल्न सहयोग पुग्ने उद्देश्यले संस्थाको क्षमता अभिवृद्धिका लागि सहयोग गरिएको वडाअध्यक्ष बजगाईले बताए ।

चालु आर्थिक वर्ष २०७९/०८० को बिनियोजित ५ लाख बजेबाट ७ वटा टोल विकास संस्थालाई आवश्यकताको आधारमा विभिन्न सामग्रीहरु टेवल, कुर्सी, फोटोकपी मेसिन, प्रिन्टरलगायतका सामग्रीहरु सहयोगस्वरुप प्रदान गरेको अध्यक्ष बजगाईंले जानकारी दिए । कार्यक्रममा गाउँपलिका उपाध्यक्ष पाखिनले टोल विकास संस्थाहरु पनि जागरुक हुनुपर्ने बताइन् । वडा नम्बर ६ भित्र रहेका सबै टोल विकास संस्थालाई आफ्नो काम कर्तव्य, अधिकार र जिम्बेवारीलाई पुरा गर्न संस्थाहरुलाई व्यवस्थित गर्नको निम्ति वडास्तर बाट भएको सहयोगले टेवा पुग्ने पाखिनको भनाई छ ।

कार्यक्रम नवदुर्गा टोल विकास संस्थाको आयोजना तथा मकवानपुरगढी-६ को सहकार्यमा सम्पन्न भएको थियो । नवदुर्गा टोल विकास संस्थाका अध्यक्ष चौलागाईको सभाध्यक्षतामा भएको कार्यक्रममा मकवानपुरगढी गाउँपालिकाको उपाध्यक्ष पाखिनको प्रमुख अतिथ्यता तथा वडा नम्बर ६ का अध्यक्ष बजगाईं, कार्यपालिका सदस्य केसव रसाईली, निवर्तमान वडाध्यक्ष टीकाप्रसाद दाहाल, विभिन्न टोल विकास संस्थाका अध्यक्ष तथा सदस्य लगायतको उपस्थिति रहेको थियो ।

सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज अफ होटल एण्ड हस्पिटालिटी म्यानेजमेन्ट

प्रोफेशनल स्कील एण्ड ट्रेनिङ डिपार्टमेन्ट




यही आउँदो शैक्षिक सत्र २०८० देखि यस सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज अफ होटल एण्ड हस्पिटालिटीको लागि कक्षा ११ मा अध्ययन गर्न इच्छुक विद्यार्थीहरुको लागि कक्षाहरु सञ्चालन गरिँदैछ ।

भर्ना र थप जानकारीको लागि यसै कलेजको कार्यालयमा सम्पर्क गर्नुहोला ।

सम्पर्कको लागि

०५७-५२१२७२, ९८०१०६८६४१, ९८४८८२९२७७ (प्रिन्सिपल)

2-DAY FREE MEDICAL CAMP
(२ दिने निशुल्क चिकित्सा शिविर)



असार २२ र २३ गते

स्थान: हेटौडा स्कुल अफ मानेजमेन्ट एण्ड सोसल साईन्स
समय: बिहान ८ बजे देखि

***नाम दर्ता असार १९ देखि सुरु हुँदैछ।***

नि:शुल्क स्वास्थ्य परिक्षण सेवाहरु:

- जनरल मेडिसिन (General Medicine)
- प्रसुति तथा स्त्री रोग (Obstetrics and Gynecology)
- बाल रोग (Pediatrics)
- शल्य क्रिया (General Surgery)
- मानसिक तथा नसा (Psychiatry)
- हाडजोर्नी तथा नसा रोग (Orthopedics)
- छाला तथा यौन रोग (Dermatology)
- नाक कान घाँटी (ENT)
- आँखा परिक्षण (EYE)
- ई. सी. जी. ECG
- भिडियो एक्सरे (USG)
- रगत तथा पिसाब परिक्षण (LAB)
- न्युरो सर्जरी (Nero Surgery)
- मुटु रोग (Heart Disease)

Organized by: Hetauda School of Management and Social Sciences "कडा अनुशासन, स्तरीय शिक्षा"

Technical Support by: KATHMANDU MEDICAL COLLEGE

Accredited by University Grants Commission (UGC), Nepal (2023)

प्रदेश युवा परिषद बागमतीको सार्वजनिक सन्देश

युवामा दुर्व्यसनी र विकृतिलाई निरूत्साहित गर्न सरकारी, निजी क्षेत्र, राजनीतिक सङ्गठन र गैरसरकारी संघ संस्थाहरू व्यापक रूपमा लागौं ।

लागु औषध प्रयोग गरिरहेका युवाका लागि परामर्श तथा पुनःस्थापना केन्द्रहरू सञ्चालन गरी समाजमा पुनःस्थापना युवाहरु आजै देखि लागौं ।

मानव तस्करी तथा बेचबिखन नियन्त्रण

विभिन्न मुलुकमा भइरहेको नेपाली युवाको तस्करी रोक्न कडा कानूनी व्यवस्था गरी कार्यान्वयन गर्नका लागि सबै एक जुट होऔं ।

अवैध एवं असुरक्षित गन्तव्यमा नेपाली युवालाई विदेशिन नदिन आवश्यक प्रबन्ध गरौं । मुलुकभित्र र बाहिर हुने गरेको मानव बेचबिखन, विशेष गरी युवा महिला बेचबिखन रोक्न विशेष कार्यक्रम सञ्चालन गर्नुका साथै यस्ता जोखिममा रहेका समुदायलाई शिक्षा र रोजगारीका लागि विशेष प्राथमिकता प्रदान गर्न र गराउनका लागि युवाहरु जुटौं ।

बेचबिखनमा परेका तथा वैदेशिक रोजगारीका नाममा ठगिएका युवालाई नेपाल फर्काउन विशेष प्रबन्ध गर्दै तिनलाई नेपाली समाजमा सहज जीवनयापन गर्न सक्ने वातावरण सिर्जना गरौं ।

युवा महिलालाई सङ्गठित गरी अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा मानव ओसारपसार तथा बेचबिखन रोकथाम तथा नियन्त्रणमा परिचालन गरौं ।

युवाहरु आजैबाट विभिन्न प्रकारका हिंसामा देखिएको युवाको संलग्नता निरूत्साहित गर्न विशेष कार्यक्रमहरू सञ्चालन गरौं ।

अपराधिक, गैरकानुनी तथा असामाजिक क्रियाकलापमा युवाको संलग्नतालाई निरूत्साहित गर्न विशेष प्रबन्ध मिलाऔं ।

अपराध, हिंसा, गैरकानुनी तथा गैरसामाजिक क्रियाकलापहरूमा संलग्न युवालाई सुधार पश्चात पुनःस्थापन गर्ने र समाजमा सहज जीवनयापनको वातावरण बनाउन समन्वयात्मक ढङ्गले कार्यक्रमहरू सञ्चालन गरौं ।

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश युवा परिषद बागमती हेटौंडा, नेपाल

साझाकुरा

## हाम्रो कुरा

# काठमाडौं-रक्सौल रेलमार्गको सपना

मकवानपुरको भूभागबाट चल्ने काठमाडौं-रक्सौल रेलमार्गको भारतले ‘फाइनल लोकेसन सर्भे’ प्रतिवेदनको मस्यौदा नेपाल सरकारलाई हस्तान्तरण गरेको छ । गत १७-२० जेठमा भएको प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको भारत भ्रमणका क्रममा नै हस्तान्तरण हुने भनिएको यो प्रतिवेदनको मस्यौदा नेपालको रायका लागि भन्दै हस्तान्तरण गरेको हो । प्रतिवेदन तयार भए पनि त्यसलाई अन्तिम रुप दिनुअघि भारतले नेपालको राय मागेको हो । अब भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र रेल विभागले यो प्रतिवेदन अध्ययन गर्नेछन् । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका एक अधिकारीका अनुसार प्रतिवेदन अध्ययनपछि विभिन्न विषयमा नेपालले आफ्ना राय र प्रतिक्रिया दिनेछ । त्यसका आधारमा प्रतिवेदनले अन्तिम रुपम पाउनेछ । नेपाललाई भारतले फाइनल प्रतिवेदन हस्तान्तरण गर्नेछ । भारतले प्रारम्भीक प्रतिवेदन दिएपछि भारत भ्रमणका समयमा नै रेलमार्गको निर्माण अघि बढाउन भारतसँग आग्रह गर्ने तयारी थियो । काठमाडौं-रक्सौल रेलमार्गको फाइनल लोकेसन सर्भे १८ महिनाभित्र यो काम सकाउने गरी २२ असोज २०७८ मा नेपाल र भारतबीच द्विपक्षीय समझदारी (एमओयू) भएको थियो । एमओयूअनुसार रेलमार्गको विस्तृत परियोजना प्रतिवेदन भारतले आफ्नै खर्चमा भारतीय सरकारी कम्पनीमार्फत तयार गरेको हो ।

भारतले सम्झौताअनुसार नेपालमै काम गर्न टोली पठाएको थियो । मकवानपुरको भूमि हुँदै गुड्ने भनिएको रेलमार्ग निर्माणले नेपालको आर्थिक क्रान्ति नै हुने सम्भावना छ । तर, निर्धारीत समयमा रेलवे सेवा संचालन हुनेमा आशंका छ । दुई देशबीचको उच्च प्राथमिकतामा परेर रेलमार्ग निर्माण भएको अवस्थामा मकवानपुरको आर्थिक र सामाजिक विकासले फड्को मार्ने देखिन्छ । प्रस्तावित रेलमार्ग रौतहट र बारासँग सीमाना जोडिएको मकवानपुरको साविक धियाल गाविस हाल बकैया गाउँपालिकाको धियाल हुँदै सिस्नेरी पुग्ने जनाइएको छ । धियाल र सिस्नेरीको बीचमा शिखरपुरसँग पनि रेलमार्ग जोडिने भएको छ । मकवानपुरबाट रेलमार्ग मात्र नभई निजगढ-काठमाडौं फाष्ट ट्रयाक पनि निमार्णाधीन छ । रेलमार्ग र फाष्ट ट्रयाक निर्माण पश्चात मकवानपुर सडक पूर्वाधारले थप सुसज्जित हुने देखिएको हो । सरकारले गत आर्थिक वर्ष २०७८/०७९ को बजेटमा काठमाडौं-रक्सौल रेलमार्ग र काठमाडौं-रसुवागढी रेलमार्गको डीपीआर सम्पन्न गर्ने जनाएको थियो । काठमाडौं-रक्सौल रेलमार्गको फाइनल लोकेशन सर्भे (एफएलएस) का आधारमा रेलमार्ग मकवानपुरको धियाल-शिखरपुर-सिस्नेरी हुँदै काठमाडौं पुग्ने देखिएको हो । प्रस्तावित रक्सौल-काठमाडौं रेलमार्गको लम्बाइ १३६ किलोमिटर हुने देखिएको थियो । प्रस्तावित रेलमार्गको करिब ४० किलोमिटर खण्डमा सुरुङ रहनेछ भने साना-ठूला गरी करिब ३५ वटा पुल पनि बनाउनुपर्ने देखिएको छ । डीपीआर प्रतिवदेन प्राप्त भएपछि आयोजनाको निर्माणको मोडालिटबिारे छलफल अघि बढ्नेछ । रक्सौलबाट आउने क्रममा रेलबाराको जीतपुर, निजगढ, मनवानपुरको शिखरपुर, सिस्नेरी हुँदै काठमाडौं आइपुग्नेछ । यसबीचमा कुल १३ वटा रेल स्टेसन रहने छन् । जसमध्ये तीन वटा स्टेशन मकवानपुरमै पर्ने भएको छ ।

मकवानपुरमा रेलको स्टेशन धियाल, शिखरपुर र सिस्नेरीमा हुने जनाइएको हो । रेल रक्सौल, वीरगञ्ज, बगही, पिपरा, डुमरवाना, ककडी, निजगढ, चन्द्रपुर, धियाल, शिखरपुर, सिस्नेरी, साथीखेल र चोभारमा रोकिनेछ । रेलमार्गमा भारतीय प्रकारको ब्रोडगेज प्रयोगगरिने जनाइएको छ । रेलमार्ग निर्माणका क्रममा भौगोलिक बनावट, भौगर्विक जटिलता, भूकम्पीय जोखिम र सञ्चालन असहजताका कारण जटिलता तथा चुनौती आउने अनुमान गरिएको छ । लोकेशन सर्भेबाट मकवानपुरको भूभागबाट गुड्ने भनिएको स्थान सबै भौगोलिक रुपमा विकट छन् । धियाल पनि विकट हो । शिखरपुर र सिस्नेरी पनि भौगोलिक रुपमा विकट रहेका छन् । निजगढ-काठमाडौं फाष्ट ट्रयाक पनि मकवानपुर र ललितपुरको सीमानामा पर्ने बागमती दोभान (सिस्नेरी) हुँदै काठमाडौं उपत्यका पुग्नेछ । रेलमार्ग निर्माणको लागत २ खर्ब ५४ अर्ब नेपाली रुपैयाँ (१ खर्ब ६५ अर्ब ५० करोड ४४ लाख ६० हजार भारु) लाग्ने अनुमान गरिएको छ । नेपाल सरकारले यो आयोजनालाई उच्चप्राथमिकतामा राखेर निर्माण गर्न भारतीय पक्षसँग कुटनीतिक पहल गर्नु जरुरी छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०८० असार २२ गते शुक्रबार ७ जुलाई २०२३ । चतुर्थी, श्रावण कृष्णपक्ष । दिल्लाथ्व ११४३ ने.सं. । सूर्योदय ५:१५, सूर्यास्त ७:०१ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : धन आर्जन हुनेछ | **तुला** | : अधुरा योजना पूरा हुने देखिन्छ |
| **वृष** | : काम बन्नाले उत्साह जाग्नेछ | **वृश्चिक** | : भाग्योदयको समय रहनेछ |
| **मिथुन** | : दोहोरो लाभ मिल्नेछ | **धनु** | : अध्ययन अध्यापनमा गडबडी हुनेछ |
| **कर्कट** | : श्रमबाट प्रशस्त लाभ हुनेछ | **मकर** | : काममा उत्साह बढ्नेछ |
| **सिंह** | : पारिवारिक समस्या आउनसक्छ | **कुम्भ** | : प्रेमको बन्धन कसिनेछ |
| **कन्या** | : प्रेमप्रसंग सुमधुर आदर पाइनेछ | **मीन** | : स्वास्थ्यमा बाधा उत्पन्न हुनेछ |

# भारत र विश्वको शक्ति सन्तुलन



जोसेफ एस न्ये

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले गत महिना ह्वाइट हाउसमा अमेरिकाका राष्ट्रपति जो बाइडेनलाई भेट्दा धेरै पर्यवेक्षकले चीनविरुद्धको गठबन्धन बन्दै गरेको ठाने । परन्तु, यस्तो अपेक्षा गर्नु अतिरञ्जना हुन्छ । भारतका विदेशमन्त्री सुब्रमण्यम जयशङ्करले स्पष्ट पारेजस्तै “असहमतहरूका बीचमा पनि सहकार्य हुनेगरेको बहुवीय विश्वमा दीर्घकालीन साझेदारी गर्न सकिने भए पनि औपचारिक गठबन्धनको सम्भावना छैन ।”

उत्तरउपनिवेशकालीन अविश्वासको भारतको लामो इतिहास छ । अर्कातिर, सन् १९६२ को हिमालयन सीमा युद्धपछि चीनसँगको शत्रुता पनि लामै छ । राष्ट्रपति जिमी कार्टरको कार्यकालमा मलाई भारत र पाकिस्तानबीचको आणविक अस्त्रको होड अन्त्य गरेर दक्षिण एसियालाई आणविक हतियार मुक्त क्षेत्र बनाउन सकिन्छ कि भन्ने प्रयासका क्रममा तत्कालीन प्रधानमन्त्री मोरारजी देसाईसँग वार्ताका लागि पठाइएको थियो । त्यतिबेला धेरै भारतीयहरूले भारतलाई पाकिस्तानसँग होइन पूर्वी एसियाको चीनसँग तुलना हुन चाहन्छन् भनेका थिए ।

सन् २००१ सेप्टेम्बर ११को आतंककारी हमलापछि २० वर्षसम्म अमेरिका र भारतका बीचमा सरकारसँग निकट सम्पर्कमा रहेका पूर्वकूटनयिकहरूको वार्षिक ‘ट्र्याक टु’ संवाद जारी रह्यो । (उदाहरणका लागि अमेरिकी प्रतिनिधि मण्डलमा हेनरी किसिन्जर, रिचार्ड हलब्रुकजस्ता हस्तीहरू सम्मलित थिए ।) भारतीय सहभागीहरू अफगानिस्तान र पाकिस्तानमा अल कायदाजस्ता उग्रवादी चुनौतीप्रति अमेरिकी समकक्षीको चिन्तामा सहमत त थिए तर भारत र पाकिस्तानलाई समान ठान्ने अमेरिकी प्रवृत्तिप्रति भने उनीहरूको आपत्ति रहेको तिनले स्पष्ट पारेका थिए ।

भारतीयहरू चीनका सम्बन्धमा पनि चिन्तित त थिए तर उनीहरू चिनियाँ बजारमा पहुँच कायमै राख्नआपसी सम्बन्ध राम्रै भएको देखाउन चाहन्थे । चीन लामो समयदेखि भारतको ठूलो व्यापार साझेदारमध्ये एउटा र हेको भए पनि चीनको अर्थतन्त्र भारतको दाँजोमा धेरै नै तीव्र गतिमा बढेको छ । अगिल्लो शताब्दीको अन्त्यसम्ममै बजार मूल्यअनुसार विश्वको कुल गार्हस्थ्य उत्पादनको ३.६ प्रतिशतमा चीनको योगदान थियो भने भारत २०२० को दशकसम्म त्यस तहमा पुगेको थिएन ।

सन् २००० को दशकमा चीनको वृद्धिदर उनीहरूको भन्दा तीव्र गतिमा बढ्न थालेपछि ‘ट्र्याक टु’ संवादमा संलग्न भारतीयहरू पाकिस्तानलाई चीनको समर्थनका विषयमा मात्र होइन चीनको बढ्दो विश्व शक्तिका विषयमा पनि चिन्तित हुनथाले । एकजना भारतीय रणनीतिकारले भनेका थिए- “हामीले तपाईँ (अमेरिका)लाई भन्दा चीनलाई बढी नरुचाउने निर्णय गरेका छौँ ।” र यो २०२० को हिमालयन झडपभन्दा धेरै पहिलेको कुरा हो । त्यस झडपमा २० जना भारतीय सैनिक मारिएका थिए ।

त्यस यता भारत-अमेरिका संलग्नता उल्लेखनीयरूपमा बढेको छ । एक दशकअगाडि अमेरिका, भारत, जापान र अस्ट्रेलियाका कूटनयिकहरूबीच भएको चौपक्षीय सुरक्षा (क्वाड) बैठकहरूलाई खासै महत्त्व दिइएको थिएन भने अहिले तिनको ठूलै प्रचार गरिन्छ र राष्ट्र प्रमुखकै स्तरमा आयोजना गरिन्छ । अहिले भारतले अरू मुलुकहरूभन्दा अमेरिकासँग धेरै संयुक्त युद्ध अभ्यास गर्छ ।

परन्तु, यो अभ्यास कुनै गठबन्धनभन्दा धेरै परको विषय हो । भारतले अझै पनि आधाभन्दा धेरै हतियार रुसबाटै आयात गर्छ । भारत प्रतिबन्धित रुसी तेलको पनि चीनजस्तै मुख्य खरिददार हो र संयुक्त राष्ट्रसंघमा धेरैजसो अमेरिकाका विरुद्ध मतदान गर्छ । यथार्थमा भारतले अहिलेसम्म पनि सन् २०२२ मा रुसले युक्रेनमाथि गरेको आक्रमणको निन्दा गर्न अस्वीकार गरेको छ जसरी सन् १९७९ मा रुसले अफगानिस्तानमा आक्रमण गर्दा त्यसको विरोध गर्न सकेको थिएन ।आफूलाई विश्वकै सबैभन्दा ठूलो लोकतन्त्र ठान्ने भारत लोकतान्त्रिक युक्रेनको रक्षामा आएको छैन । भारतको उच्च प्राथमिकतामा त अतियार र तेलमा आफ्नो पहुँच कायम राख्नु र रुसलाई चीनसँग थप नजिकिनबाट रोक्नुमात्र रहेको देखिन्छ ।

हुनत, बाइडेनले मोदीलाई ‘लोकतन्त्रका लागि शिखर सम्मेलन’का दुवै बैठकमा बोलाएका छन् तर मोदीको हिन्दु र ाष्ट्रवादतर्फको अनुदार कदमका आलोचक पश्चिम र भारतमै पनि थोरै छैनन् । विश्वका ठूला लोकतन्त्रहरूको हालका ‘साझा मूल्यहरू’सम्बन्धी कथन सुन्नमा मीठो त लाग्छ तर तिनले पनि गठबन्धन त बन्दैन । भारत-अमेरिकी सम्बन्धको मुख्य तत्व चीनसँगको शक्ति सन्तुलनमा भार तको स्थान हो ।

यस सन्दर्भमा भारतको महत्त्व भने बढ्दो छ । यसै वर्षको आरम्भमा जनसंख्यामा भारतले चीनलाई उछिनेर विश्वको सबैभन्दा धेरै जनसंख्या भएको राष्ट्र बन्यो । भारतको जनसंख्या १ अर्ब ४० करोड पुग्दा चीनको जनसंख्या भने उच विन्दुमा पुगेको श्रमशक्तिसँगै घट्ने क्रममा छ । यसबाहेक भारतको अर्थतन्त्र पनि यस वर्ष ६ प्रतिशतका दरले बढेर सही बाटामा लागेको छ र चीनको भन्दा तीव्र रहेर विश्वको पाँचौं ठूलो अर्थतन्त्र बन्दै छ । यही दरमा बढिरह्यो भने यस शताब्दीको मध्यतिर भारतको अर्थतन्त्र युरोजोनको अर्थतन्त्रकै आकारको हुनेछ ।

ठूलो जनसंख्या, आणविक हतियार, विशाल सेना र बढ्दो श्रमशक्ति, बलियो शिक्षा र औद्योगिक संस्कार तथा ठूलो र प्रभावशाली गैरआवासीय जनसंख्याका कारण भारत विश्वको शक्ति सन्तुलनमा महत्वपूर्ण पक्ष रहिरहनेछ । परन्तु, यत्तिकैमा कोही पनि झुक्किनु हुँदैन । विकासमा धेरै अगाडि पुगिसकेको चीनलाई भारत एक्लैले सन्तुलनमा ल्याउन सक्दैन । चीनको अर्थतन्त्र पाँच गुना ठूलो छ भने भारतमा अझै पनि गरिबी व्यापक छ । भारतको ९० करोड काम गर्ने उमेरको जनशक्तिमध्ये करिब आधाआधी जतिमात्र सक्रिय छन् भने एकतिहाइभन्दा बढी महिला निरक्षर छन् । भारतको बढ्दो जनशक्ति बोझको साटो आर्थिक स्रोत बन्नका लागि यसलाई तालिम दिइनुपर्छ ।

चीनको जनशक्ति उच्च विन्दुमा पुगेको भए पनि यो अपेक्षाकृत उच्च शैक्षिक स्तरमा आधारित छ ।

केही प्रमुख रणनीतिक क्षेत्रमा व्यापारमा सम्बन्ध विच्छेद गर्दा पनि भारतले अझै चिनियाँ बजारमा पहुँचको लोभ छाड्न चाहँदैन । एकातिर भारतले क्वाडमा भाग लिएको छ भने यसले ब्राजिल, रुस, भारत, चीन र दक्षिण अफ्रिका भएको ‘ब्रिक्स’मा र स्यौाई सहयोग संगठनमा सहभागी भइरहेको छ । हुनत, भारतले असंलग्नताको कुरा गर्न छाडे पनि यो निषेधात्मक गठबन्धनमा पनि रुची राखेको देखिन्न । शक्ति सन्तुलनको राजनीतिको आधारभूत मान्यता अनुसरण गर्दै भारत र अमेरिकाको भाग्यमा विवाह नभएर दुवै मुलुकले चीनको चिन्ता गरुन्जेलमात्र कायम रहने दीर्घकालीन साझेदारीमात्र लेखिएजस्तो देखिन्छ ।

*(साभार: बाह्रखरी)*

# प्रदेश किन दृश्यमा छैन ?



पूर्णचन्द्र भट्टराई

संघीय शासन प्रणालीको कार्यान्वयनबारे चर्चा हुँदा स्वभावत: यसको केन्द्रविन्दुमा रहेको प्रदेश सरकारको कार्यसम्पादनमा नजर पर्ने गर्छ । केन्द्रीय र स्थानीय शासनको अभ्यास विगतमा पनि हुँदै आएकाले संघीयताको पहिचान दिने नितान्त नयाँ संरचनाका रूपमा प्रदेशको कार्यसम्पादनले प्रतीकात्मक महत्व राख्छ ।

संविधान जारी भएको झन्डै आठ वर्ष र प्रदेशहरू क्रियाशील भएको पनि छ वर्ष पुग्न लागेको छ । प्रदेशहरूले आआफ्नो संगठन संरचनाको निर्माण गरेका छन् । सबै प्रदेशले दीर्घकालीन सोचसहितको आवधिक विकास योजना निर्माण गरी कार्यान्वयन प्रारम्भ गरेका छन् । प्रदेश सञ्चालन सम्बन्धी आधारशिला कानुनहरू बनेका छन् । यसरी हेर्दा प्रदेशहरू संविधानको भावना र मर्म अनुरूप अपेक्षित रूपमा क्रियाशील भई नतिजा-उन्मुख हुनुपर्नेमा खासै दृश्यमा आउन सकिरहेका छैनन् । प्रस्तुत आलेख यसै परिदृश्यमा केन्द्रित रहनेछ ।

**प्रदेशको जिम्मेवारी**

संविधानले शान्ति-सुरक्षासहित प्रदेश तहको सबै क्षेत्रगत योजना, कार्यक्रम र तिनको कार्यान्वयन गर्ने अधिकार प्रदेशलाई दिएको छ । विभिन्न कर तथा सेवा शुल्क, दस्तुर, जरिवाना सम्बन्धी राजस्व अधिकार पनि प्रदेश सरकारमा छ । मध्यमस्तरका विकास आयोजना सञ्चालन गर्ने अधिकार पनि प्रदेशमै छ, जसमा प्रादेशिक राजमार्ग, ऊर्जा, सिँचाइ, खानेपानीजस्ता आधार भूत पूर्वाधार विकास समेटिएका छन् ।

प्रदेश विश्वविद्यालय, उच्च शिक्षा, स्वास्थ्य सेवा, भूमि व्यवस्थापनजस्ता शैक्षिक सामाजिक क्षेत्र पनि प्रदेशको कार्यक्षेत्रमा पर्छन् । वन, कृषि उद्योग, वातावरण व्यवस्थापन र सांस्कृतिक संरक्षण आदि क्षेत्रका नीति तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने लगायतका अधिकार पनि संविधानले प्रदेश सरकारलाई प्रदान गरेको छ । कुनै संघीय नीति, सर्त वा मापदण्ड पालना गर्नुपर्ने संवैधानिक व्यवस्था भएकामा संघीय कानुनको अधीनमा रही कार्यान्वयन गर्नुपर्नेबाहेक संविधानले एकल अधिकारको प्रयोगमा प्रदेशहरूलाई स्वायत्तता दिएको छ ।

**प्रदेश दृश्यमा आउन नसक्नुका प्रमुख कारणहरू**

संवैधानिक व्यवस्था अनुसार प्रदेश नितान्त नवीन संरचनाका रूपमा आएको हो । यस मानेमा प्रदेश संघीय प्रणाली सफल बनाउनुपर्ने प्रमुख कर्ता हुनुपर्ने हो । तर कानुनी, राजनीतिक, आर्थिक तथा अन्य विभिन्न कारणले प्रदेशले आफ्नो उपस्थिति खासै देखाउन सकेको छैन, जसका प्रमुख कारणहरू यस प्रकार छन्–

**(क) कमजोर संस्थागत अवस्था :**

संघ र स्थानीय तहमा साबिक एकात्मक शासन प्रणालीमा रहेका संरचना, जनशक्ति र अनुभवहरू थिए । तर प्रदेशहरूले करिब दुई वर्ष आधारभूत शासकीय परिपाटी स्थापना र विकासमै व्यतीत गर्नुपर्‍यो । संघबाट जिम्मेवारी अनुसार जनशक्ति, साधनस्रोत तथा विकास आयोजनाको हस्तान्तरण नहुँदा र तदनुसार संस्थागत सहयोग नपाउँदा प्रदेशहरू अपेक्षित रूपमा अघि बढ्न सकेनन् । यो नै प्रदेश चलायमान हुन पहिलो बाधकका रूपमा देखियो ।

**(ख) भूमिकामा अस्पष्टता :**

संविधानमा प्रदेशको एकल अधिकारका रूपमा २१ वटा अधिकार सूचीकृत छन् । तर तीमध्ये अरू तहका क्षेत्राधिकारसँग नखप्टिएका अधिकार जम्माजम्मी ९ वटा मात्र छन्– प्रदेशको तथ्यांक, अन्तरप्रदेश व्यापार, लोकमार्ग, अनुसन्धान ब्युरो, सरकारी कार्यालयको भौतिक व्यवस्थापन, लोकसेवा आयोग र गुठी व्यवस्थापन । २१ अधिकार क्षेत्रमध्ये १२ वटा प्रदेशको अधिकार क्षेत्रमा रहेका महत्वपूर्ण विषय संघ वा स्थानीय तह वा साझा अधिकारमा दोहोरिएका छन् । अधिकारक्षेत्रमा यस्तो दोहोरोपनले प्रदेश तह अलमलमा परेको छ र अपेक्षित भूमिका निर्वाह गर्न कठिन बनेको छ ।

**(ग) राजनीतिक नेतृत्वको संघीय प्रणालीप्रतिको दृष्टिकोण :**

संघीय शासन प्रणालीको अवलम्बनको दशकनजिक पुग्दासमेत मुलुकको राजनीतिक नेतृत्वको संघीयप्रणालीप्रतिको प्रतिबद्धतामा निरन्तर प्रश्न उठ्ने गरेको पाइन्छ । प्रदेशको क्षेत्राधिकारभित्रका काम र आयोजनाहरू संघले सञ्चालन गर्न छाडेको छैन । यतिका वर्षसम्म प्रदेशको अधिकारसूचीको पहिलो पंक्तिमा सूचीबद्ध शान्तिसुरक्षाको महत्वपूर्ण अंग प्रहरी समायोजन नै हुन सकेको छैन भने स्थानीय शान्तिसुरक्षाको प्रमुख जिम्मेवारी बोकेको जिल्ला प्रशासनको भूमिका प्रदेशप्रति हुने व्यवस्था मिलाउन सरकार उदासीन छ ।

प्रादेशिक सडकहरू हस्तान्तरण हुन सकेका छैनन् । संघको जिम्मेवारीमा जम्मा ४९ वटा रणनीतिक सडक पर्ने भए पनि हजारौं सडक संघ आफैंले निर्माण र सञ्चालन गरिरहेको छ । अधिकांश संघीय तहका विकासे मन्त्रालयहरूको अवस्था यस्तै छ । कतिपय हस्तान्तरण भएका आयोजना तथा संस्थाहरू पुन: केन्द्रीकृत गरिएका छन् । चालु आर्थिक वर्ष २०७९/८० मा मात्रै करिब २२ अर्बका आयोजना प्रदेश र स्थानीय तहबाट पुन: संघमा तानिएका छन्, जसले प्रदेश तहप्रति संघको दृष्टिकोण उजागर गर्छ ।

**(घ) संकुचित राजस्व अधिकार :**

प्रदेशको राजस्व अधिकार अत्यन्त न्यून र संकुचित छ । प्रदेशको राजस्व अधिकार मध्ये सवारी साधन कर, घर जग्गा रजिस्ट्रेसन शुल्क, मनोरञ्जन कर र विज्ञापन कर स्थानीय तहको एकल अधिकारसँग दोहोरिएकाले प्रदेश र स्थानीय तहबीच बाँडफाँट हुन्छन् । प्रदेशको एकल क्षेत्राधिकारमा कृषि आय कर, सेवा शुल्क, दस्तुर, पर्यटन शुल्क र अन्य दस्तुर मात्र छन् । तर यिनको राजस्वमा योगदान नगण्य हुन्छ । सात प्रदेशमध्ये बागमती, गण्डकी र लुम्बिनीले मात्र कृषि आयमा कर लगाएका छन् तर संकलन नगण्य छ ।

अधिकांश निर्वाहमुखी कृषि रहेको परिप्रेक्ष्यमा यो करबाटै खासै राजस्व संकलन हुन सक्ने अवस्था पनि देखिँदैन । प्रदेशले उठाउने राजस्वमा दुईतिहाइभन्दा बढी स्थानीय तहसँग बाँडफाँट गर्नुपर्ने हुन्छ । प्रदेश सञ्चितकोषमा जम्मा हुने रकममध्ये ९० प्रतिशत संघबाट प्राप्त हुने राजस्व र अनुदानको हिस्सा छ । आन्तरिक आयले प्रदेशको चालु खर्चको एकचौथाइ हिस्सा मात्र धान्ने अवस्था छ । यसबाट प्रदेशको वित्तीय परनिर्भरताको अवस्था अत्यन्त उच्च रहेको देखिन्छ । केही वर्षको राजस्व प्राप्तिको औसत तथ्यांक हेर्दा संघले करिब ८१ प्रतिशत, प्रदेशले ७.५ प्रतिशत र स्थानीय तहले ११.५ प्रतिशत मात्र पाएको देखिन्छ ।

**(ङ) पहिचान दिने योजनाको कमी :**

नयाँ संरचनाले नयाँ ढंगबाट कार्य प्रारम्भ गर्ने अवसर पनि दिएको हुन्छ । आफ्नो कार्यक्षेत्र अनुसार विकास आयोजनाको पहिचान, पूर्वसम्भाव्यता अध्ययन, विस्तृत सम्भाव्यता अध्ययनजस्ता आयोजना-चक्र पूरा गरी कार्यान्वयनका लागि तयारी भएका आयोजना छनोट गरी कार्यान्वयन गर्ने अभ्यास गर्न प्रदेशलाई उपयुक्त अवसर थियो, तर त्यस्तो हुन सकेन ।

प्रदेशहरूले आवधिक योजनाहरू तर्जुमा गर्दा वा वार्षिक योजना तथा कार्यक्रम छनोटमा स्थानीय तह र जनताबीच सार्थक संवाद र छलफल हुने प्रणाली स्थापना गर्न सकेनन् । वार्षिक कार्यक्रमको विश्लेषण गर्दा, आम नागरि कसँग सीधा सम्बन्ध राख्ने प्रदेशको चाहना प्रस्ट देखिन्छ । तर प्रदेशले भुइँतहसम्म जोडिन तदनुरूपको योजना तर्जुमा प्रणाली स्थापित गर्नै सकेन । प्रदेशको रातो किताब हेर्दा वडास्तरका ससाना खुद्रे, प्रियतावादी, वितरणमुखी कार्यक्रमको भरमार छ । यसले प्रदेशको औचित्य पुष्टि गर्न सक्दैन । आफ्नो पहिचान दिने, एकभन्दा बढी जिल्लामा पर्ने, प्रदेशको समग्र विकासमा रूपान्तरणकारी योगदान पुर्‍याउने खालका आयोजनामा प्रदेशको ध्यान पुग्न सकेको छैन । यसले विकास-निर्माणमा प्रदेश पहिचानको रेखांकन हुन कठिन भइरहेको छ ।

**(च) अनुत्पादक क्षेत्रमा अधिक स्रोत प्रवाह :**

प्रदेशले आफ्नो स्रोतसाधनको उल्लेख्य खर्च अनुत्पादक क्षेत्रमा गरेको छ । खास गरी सवारी साधन, तामझामयुक्त भ्रमण, आर्थिक सहायताजस्ता पक्षहरू सार्वजनिक रूपमै आलोच्य रहे । नियमित संरचनाबाट सम्पादन हुने कामका लागि समेत विभिन्न समिति, आयोग, प्रतिष्ठानहरू गठन गर्नाले स्रोतमा तत्कालीन र दीर्घकालीन दबाब परेको छ । साथै प्रदेशको रूपान्तरणकारी कार्यमा प्रवाह हुने स्रोतसाधनमा संकुचन आएको छ ।

**(छ) सेवाप्रवाहमा सुधारको कमी :**

प्रदेशको पहिचान दिने मुख्य पक्ष सेवाप्रवाह नै हो । संविधानले प्रदेशको क्षेत्राधिकार भित्र सूचीकृत गरेका सेवालाई विगतभन्दा छरितो, सहज र नागरिकको नजिकमा पुर्‍याई प्रवाह गर्न सकेमा नागरिकले प्रदेशको उपस्थितिको अनुभूति गर्न सहज हुन सक्छ । यस्ता सेवालाई प्राथमिकीकरण गरी नागरिकसँग बढी सरोकार राख्ने सेवालाई प्रभावकारी बनाउनुपर्ने हुन्छ । प्रदेशको अधिकार क्षेत्रभित्रका यस्ता सेवामा यातायात सेवा, प्रेषण (रिफरल) स्वास्थ्य सेवा, मझौला आकारका खानेपानी, सिँचाइ आदि मुख्य हुन् ।

तर विगत पाँच वर्षको अवधिमा यस क्षेत्रमा अनुभूति गर्न सकिने परिवर्तनको छनक आउन सकेको छैन । हजारौं नागरिक सवारीचालक अनुमतिपत्रको प्रतीक्षामा छन्, सवारी साधन परीक्षणको लाइनले सडक नै अवरुद्ध हुने गरेको छ, यातायात सेवामा खासै सुधार आउन सकेको छैन । यसका अलावा प्रदेशले प्रवाह गर्ने खानेपानी, घरेलु उद्योग, विद्यालय तथा पर्यटन पूर्वाधारका सेवा लिन एक जिल्लाबाट अर्कोमा जानुपर्ने अवस्था छ । यस्ता सेवाहरू एकीकृत रूपमा जिल्ला तहबाट प्रवाह हुन सकेका छैनन्, केही प्रदेशले यस्तो पहल गरे पनि कर्मचारीको पदसोपान, वृत्ति शृंखला र आर्थिक अधिकारको प्रयोगजस्ता स्वार्थ चिर्न नसक्दा सफल हुन सकेको छैन । यसरी हेर्दा प्रदेशले नागरिकबीच सेवाप्रवाहलाई प्रभाकारी बनाएर आफ्नो उपस्थिति र औचित्य स्थापनाको अवसरको उपयोग गर्न सकेको छैन ।

**(ज) कमजोर अन्तरतह सम्बन्ध :**

संविधानले संघ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने स्पष्ट गरेको छ । संविधानले राखेको यो अभीष्टतर्फ हाम्रो अभ्यास लम्किरहेकामा सन्देह छ । संघले प्रदेशको संगठित आवाजलाई बेवास्ता गर्ने गरेको छ । प्रदेशका मुख्यमन्त्रीहरूको पोखरा भेला लगत्तै बस्ने गरी तय गरिएको अन्तर प्रदेश परिषद्को बैठक नै रद्द हुनु यसैको उदाहरण हो ।

हालसालै मुख्यमन्त्रीहरूको यस्तै अर्को भेला प्रधानमन्त्रीको उपस्थिति रहने पूर्वनिर्धारित कार्यक्रम रद्द भएकाले हुन सकेन, यसबाट अन्तर तह सम्बन्धमा संघको अनिच्छा दृष्टिगोचर हुन्छ । प्रदेशले संघ र स्थानीय तहबीच सेतुको भूमिका, राष्ट्रिय नीतिहरूको कार्यान्वयनमा समन्वय, प्रदेशिक नीति-योजना तथा कार्यक्रमहरूको कार्यान्वयन र स्थानीय तहलाई सहजीकरण गर्नुपर्ने हुन्छ । तर स्थानीय तहले संघसँग सोझो सम्बन्ध भएका कारण प्रदेशलाई नटेर्ने र प्रदेशले पनि स्थानीय तहलाई नजिकमा राखेर जान नचाहने प्रवृत्ति मौलाइरहेको छ, जुन संघीय शासन प्रणालीको कार्यान्वयनका दृष्टिबाट हेर्दा अवश्य पनि सुखद होइन ।

**(झ) राजनीतिक अस्थिरता :**

मुलुकमा राजनीतिक अस्थिरताको प्रारम्भ प्रदेशबाटै हुने गरेको छ । प्रदेशको पहिलो कार्यकालमा संघीय सरकार परिवर्तनअगावै गण्डकी प्रदेश सरकार परिवर्तन भएको थियो भने दोस्रो कार्यकालमा सुदूरपश्चिम प्रदेशबाट यसको थालनी भएको छ । कोशी प्रदेशको वर्तमान अवस्थाले त अझ चिन्ता थपेको छ । सत्ताप्राप्ति र टिकाउको अविच्छिन्न खेलले जनमानसमा प्रदेशप्रति नकारात्मक धारणा बढाउन सहयोग गरिरहेको छ । साथै यस्तो अस्थिरताले सरकारलाई दीर्घकालीन दृष्टिले काम गर्न सहज वातावरण दिइरहेको छैन । फलत: प्रदेशले देखिने गरी काम गर्न कठिन बनेको छ ।

अन्त्यमा, प्रदेश तहको सफलताले संघीय प्रणालीको सफलतासँग गहिरो सम्बन्ध राख्छ । संघीय प्रणालीको सफलता छरितो संघ, समन्वयकारी प्रदेश र सेवाकार्यमूलक स्थानीय तहबाटै सम्भव हुन्छ । प्रदेश नितान्त नयाँ संरचना भएकाले यसका सबै अवयव क्रियाशील भई दृश्यमा आउन निश्चय पनि केही समय लाग्ने हुन्छ, तर यसका लागि प्रदेशलाई बेलैमा संविधानको मर्म र जनभावना अनुरूप सञ्चालन हुने वातावरण मिलाउन संघको भूमिका महत्वपूर्ण हुन्छ भने प्रदेश स्वयं पनि यसतर्फ अग्रसर हुनुपर्छ ।

*(साभार: ई-कान्तिपुर)*

# नेपालमा विश्वविद्यालय खोल्न हतार, चलाउन संकट



काठमाडौं/पछिल्लो समय विश्वविद्यालयको संख्या थपिने तर ती विश्वविद्यालय सबल नबनेको विषयमा काठमाडौंमा बुधबार छलफल गरिएको छ । नयाँ खुलेको विश्वविद्यालयले विद्यार्थी नपाउने र आर्थिक रुपमा कमजोर हुने समस्या देखिएपछि विश्वविद्यालय अनुदान आयोगले बुधबार यसबारे छलफल कार्यक्रम राखेको हो ।

कार्यक्रममा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोक राईले विश्वविद्यालय खोलेपछि सञ्चालन तथा व्यवस्थापन गर्ने हैसियतमा पुऱ्याउनुपर्ने बताए । कमाउन र चलाउन सक्छु भन्ने भिजन उपकुलपतिमा हुनुपर्ने भन्दै उनले भने, 'नेतृत्वले आफ्नो संस्था उन्नयन गर्न सक्नुपर्छ ।'

आयोगका अध्यक्ष प्रा.डा.देवराज अधिकारीले सञ्चालनमा आइसकेको विश्वविद्यालयमा समस्या देखिन थालेकोले संवाद सुरु गरेको बताए । हाल गण्डकी विश्वविद्यालय, मनमोहन प्राविधिक विश्वविद्यालय, लुम्बिनी प्राविधिक विश्वविद्यालय, मधेश कृषि विश्वविद्यालय, मधेश विश्वविद्यालय गरी पाँच विश्व विद्यालय र मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना भएका छन् ।

गण्डकी विश्वविद्यालयमा पाँच वटा कार्यक्रममा १८७ जना मात्रै विद्यार्थी छन् ।कार्यक्रममा प्रादेशिक विश्वविद्यालयका पदाधिकारीहरुले अनुदान आयोगले आफूहरुलाई आर्थिक सहयोग गर्नुपर्ने माग गरेका छन् ।

काठमाडौं विश्व विद्यालयका पूर्वउपकुलपति प्रा.डा. सुरेशराज शर्माले नीति बनाएपछि विश्वविद्यालय खोल्नुपर्नेमा नेपालमा विश्वविद्यालय खुलेपछि नीतिबारे छलफल हुने गरेको बताए । विश्वविद्यालय राम्रो बनाउन त्यसका कार्यक्रम राम्रा हुनुपर्ने उनको भनाइ छ । त्रिविका पूर्व उपकुलपति प्रा.डा.तीर्थ खनियाँले नेपालमा विश्वविद्यालय उच्च शिक्षाको आवश्यकता महशुस गरेर भन्दा पनि राजनीतिक कारणले खुल्ने गरेको बताए । 'मेरो अध्ययनले नेपालमा कुनै पनि विश्वविद्यालय चाहियो भनेर खुलेको छैन । सबै राजनीतिक कारणले खुल्ने गरेको छ । त्रिवि पनि राजनीतिक कारणले नै खुलेको हो' उनले भने ।

विश्वविद्यालयहरुले विद्यार्थी अध्ययनका लागि विदेश जानुको कारण, विदेशी विश्व विद्यालयका सम्बन्धनका कलेजमा विद्यार्थी आकर्षित हुनुको कारण खोज्नुपर्ने उनको भनाइ छ । त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. धर्मकान्त बास्कोटाले आर्थिक सुनिश्चितता गरेर मात्रै विश्व विद्यालय खोल्नुपर्ने बताए ।

'आर्थिक समस्याकै कारण रेड स्टिकर टाँसेको क्याम्पसमा पढाउन बाध्य छौं । २ वर्षअघि सरकारले शिक्षक कर्मचारीको तलब वृद्धि गऱ्यो तर आवश्यक २४ करोड पठाएको छैन', उनी भन्छन् 'गत सालको बजेटमा सरकारले १५ प्रतिशत राष्ट्र सेवकहरुको बढायो तर हामीले बढाउन सकिएको छैन त्यसैले आर्थिक सुनिश्चिता भएपछि मात्रै खोलौं भन्छु ।'

आयोगले विश्वविद्यालय सञ्चालनको लागि न्यूनतम मापदण्ड बनाउनै पर्ने उनले बताए । विदेशी राष्ट्रहरुमा यत्ति वटा विश्वविद्यालय छ हामी किन नखोल्ने भन्ने किसिमको कुराहरु उठिरहे पनि अमेरिका, बेलायत, जापान, अष्ट्रेलियाका विश्वविद्यालय नेपाल लगायत विभिन्न देशबाट गएका विद्यार्थीहरुले धानिरहेको उनी बताउँछन् ।

'हामी भोलि त्यहाँबाट विद्यार्थी ल्याउँछौं भन्ने सुनिश्चिता भएर बढ्ने कि गइरहेकालाई रोक्ने प्रयास गर्ने भन्ने सोचेर अगाडि बढ्नुपर्छ' उनले भने ।

पोखरा विश्वविद्यालयका उपकुलपति प्रा.डा.प्रेमनारायण अर्याल सुनिश्चितता सबै भन्दा ठूलो कुरा भएकोले आवश्यकता अनुसार विश्वविद्यालय खोले पनि त्यसका सीमाहरु हेर्नुपर्ने बताउँछन् । उनी भन्छन् 'आवश्यकता अनुसार प्रादेशिक विश्वविद्यालयहरु खोलौं तर उसको डिमार्केसन हेरौं ।'

सुदूरपश्चिम विश्व विद्यालयका उपकुलपति अम्मरराज जोशीले अब प्रादेशिक रुपमा विश्वविद्यालय खोल्दा आर्थिक तथा जनशक्ति पाटो सुनिश्चित गर्नुको साथै बजार माग र अहिलेको आवश्यकता विश्लेषण गर्नुपर्ने बताए ।

सुदूरपश्चिम विश्व विद्यालय खुलेको १४ वर्षसम्म पनि पूर्वाधार निर्माण नभएको उनले बताए । 'अब प्रादेशिक विश्व विद्यालय खोल्दा आर्थिक तथा विश्वविद्यालयमा आवश्यक जनशक्तिको परिकल्पना पनि पहिल्यै गर्नुपर्छ जसले केही वर्षमा नै दरबन्दी खोल्दै हिँड्नुपर्ने अवस्था आउन दिनुहुँदैन' उनले भने ।

नेपाल संस्कृत विश्व विद्यालयका उपकुलपति प्रा.डा यादवप्रकाश लामिछानेले विषय विज्ञ अभावको कारण खोल्न लागिएको विश्वविद्यालय कसरी चलाउने भन्नेमा आंशका उब्जिएको बताए ।

संस्कृत विश्वविद्यालयले आयुर्वेदतर्फको बीएमएस कार्यक्रम सञ्चालन गरेको १२ वर्ष हुँदै गर्दा एमडी गरेको जनशक्ति नपाउँदा समस्या भइरहेकाले भोजपुरको दिङ्लामा खोल्ने भनिएको योगमाया आर्युवेद विश्वविद्यालय सञ्चालनमा जटिलता देखिएको उनले बताए । 'भोलि योगमाया आयुर्वेद विश्वविद्यालयको अवस्था पनि यहीँ आएर कुराकानी गर्नुपर्ने स्थिति आउन नदिऔं भन्ने हो' उनले भने ।

कृषि तथा वन विश्व विद्यालयका उपकुलपति प्रा.डा. पुण्यप्रसाद रेग्मीले नयाँ विश्व विद्यालय खोल्ने भन्दा लामो समयसम्म उच्च शिक्षालाई कसरी अगाडि लैजाने भन्ने विषयमा ध्यान दिनुपर्ने बताए । नयाँ खुलेकामा विद्यार्थी आकर्षण देखिएपनि दीर्घकालीन रुपमा टिकाउन समस्या रहेको उनको भनाइ छ ।

कृषि तथा वन विश्व विद्यालयको १० आंगिकमध्ये एक विद्यार्थीविहीन भएको र ८ सम्बन्धन प्राप्त निजी क्याम्पस विद्यार्थीविहीन भएको रेग्मीले बताए ।

काठमाडौं विश्व विद्यालयका उपकुलपति प्रा. डा. भोला थापाले नयाँ विश्वविद्यालय विशिष्टतासहितको हुनुपर्ने बताए । वैदेशिक अध्ययनमा जाने विद्यार्थीलाई रोक्ने गरी विश्वविद्यायल खुल्नुपर्ने उनको भनाइ छ ।

नेपाल खुला विश्व विद्यालयकी उपकुलपति प्रा. डा. शिलु मानन्धर बज्राचार्यले भने सरकार परिवर्तनसँगै नयाँ विश्वविद्यालय खोल्नु ठीक नहुने धारणा राखिन् । विद्यार्थी घट्नुको कारणबारे बहस गर्नुपर्ने र निष्कर्ष अनुसार रणनीति बनाएर अगाडि बढ्नुपर्ने उनको भनाइ छ ।

पूर्वाञ्चल विश्व विद्यालयका उपकुलपति प्रा.डा.यादव कोइरालाले विश्वविद्यालय स्थापना गर्दा नै कसरी सञ्चालन गर्ने भन्ने नीति बनाउनुपर्ने बताए ।

(स्रोत: अनलाइनखबर)

# वनमा आधारित उद्यमलाई प्राथमिकता दिनुपर्छः सांसद पाठक




साझाकुरा संवाददाता

हेटौंडा, २० असार/ बागमती प्रदेशसभाका सदस्य तथा नेकपा एमालेका केन्द्रीय सदस्य भारती पाठकले जनतालाई आत्मनिर्भर र राज्यलाई समृद्ध बनाउनको लागि वनमा आधारित उद्यमलाई प्राथमिकता दिनुपर्ने बताएकी छन् । ग्रिन फाउण्डेसन नेपालको आयोजनामा उद्यमशीलता विकास र सम्भाव्यता विषयक अन्तर क्रियालाई संबोधन गर्दै उनले यस्तो बताएकी हुन् ।

बागमती प्रदेश सरकारले वन उद्यमको विकास गरेर जनता र प्रदेशलाई समृद्द बनाउन उनले वागमती प्रदेश सरकारलाई आग्रह गरिन् । यद्यपी सरकारले कर उठाउने तर, श्रोत बढाउन मदन नगर्ने हो भने बढाइएको कर निमुखा उपभोक्ताप्रति अन्याय हुने उनको भनाई छ । पाठकले भनिन् 'जडिबुटीमा आधारित र अन्य गैर काष्टजन्य बस्तुबाट भएका उत्पादनहरु भने स्थानीय र राष्ट्रिय बजारमा आउने गरेका छन् । तर, त्यसको प्रबर्द्दनको जिम्मा सरकारले लिनुपर्छ, श्रोत बढाएर मात्र कर बढाउनुपर्छ ।'

देशभरका ४ हजार जति वन समुहमा वनमा आधारित साना उद्यम संचालित रहेको उनले जानकारी दिइन् । उनका अनुसार गैरकाष्टजन्य, काष्टजन्य र प्रशोधन लगायतका साना उद्यम संचालनमा आएका छन् तर, काष्टजन्य वन पैदावार प्रशोधन गरी उद्यम संचालन गर्ने कार्य सोचेअनुरुप प्रभावकारी भएका छैनन् । प्राकृतिकश्रोतको क्षेत्रमा भएका श्रोतहरुलाई उपयोग गर्ने गरी बागमती प्रदेश सरकारले काम गर्नुपर्ने बताउदै वन उद्यमका लागि केन्द्रीय सरकारले पठाएको र कम पनि प्रदेश सरकारले अन्यत्रै खर्च गरेकोमा उनले आपत्ति जनाइन् ।

एमालेका वन तथा वातावरण बिभागको प्रमुख समेत रहेकी पाठकले बागमती प्रदेशमा मन्दिर मात्र बनाएर भन्दा पनि वन र वातावरणलाई जोडेर पर्यटक भित्र्याउन सकिने बताइन् । वनका पत्करलाई मल उत्पादनमा जोड दिन उनले आग्रह गरिन् । प्रदेशसभा सदस्य पाठकले वन धेरैवटा श्रोत भएको क्षेत्र भएकाले यसबाट काम हुन जरुरी रहेको बताइन् । वनबाट नयाँ संभावनाको खोजी गर्नका लागि सांसद पाठकले आग्रह समेत गरिन् । वनमा खाली काठ निकाल्ने र बिक्री मात्र गर्ने भन्दा पनि उद्यमतिरलाग्नका लागि आग्रह समेत गरिन् ।

# बजेटमा विपक्षीको योजना समेट्ने मन्त्रिपरिषद्को निर्णय

साझाकुरा संवाददाता

हेटौंडा, २० असार/ बागमती प्रदेशमा प्रमुख प्रतिपक्षी र प्रतिपक्षी दलहरुको योजना बजेटमा समेट्ने प्रदेश मन्त्रिपरिषद्ले निर्णय गरेको छ ।

बागमती प्रदेशको बजेट निर्माणमा एकलौटी गरेको आरोप लगाउँदै प्रतिपक्षी दलहरु नेकपा एमाले र राप्रपाले तीन पटकसम्म सदन अवरुद्ध गरेका थिए । बुधवार बिहान बसेको बागमती प्रदेशको मन्त्रिपरिषद् बैठकले विपक्षी दलले ल्याएका योजनालाई समेटेर अघि बढ्ने निर्णय गरेको सरकारका प्रवक्तासमेत रहेका आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठले जानकारी दिए । विपक्षी दल नेकपा एमाले र राप्रपाले १२, १३ र १७ असारको प्रदेशसभा बैठक अवरुद्ध गरेका थिए । 'प्रमुख प्रतिपक्षीलगायत प्रतिपक्षीहरुसँग सहमति भए अनुसार प्रतिपक्षीहरुको छुट्न गएका योजनाहरु समावेश गर्ने निर्णय भएको छ ।', श्रेष्ठले भने ।

बजेटमाथिको छलफल नै सुरु हुन नसक्दा एमाले र राप्रपासँग सत्तापक्षले वार्ताबाट प्रदेशसभाको गतिरोध हटाएको थियो । विपक्षी दलका महत्वपूर्ण योजनलाई समेटेर बजेट सच्याउने प्रतिबद्धता जनाएपछि सदन सुचारु हुन सकेको थियो । १८ असारको बैठकमा एमाले संसदीय दलका नेता जगन्नाथ थपलिया र राप्रपा संसदीय दलका नेता उद्धव थापाले प्रतिपक्षलाई विश्वास गरेको भन्दै विश्वासघात नगर्न चेतावनी दिएका थिए ।

बैठकलाई सम्बोधन गरेका आर्थिक मामिला तथा योजनामन्त्री बहादुरसिं लामाले प्रतिपक्षी दलसँगको सहकार्य र समन्वयमा सरकार अगाडि बढ्ने विश्वास दिलाएका थिए । बागमतीको सत्तापक्ष प्रतिपक्षप्रति उदार भएसँगै बजेट सच्याएर अघि बढ्ने देखिएको छ ।

यसैगरी, बुधवार बसेको प्रदेश मन्त्रिपपरिषद् बैठकले पर्यटन उद्योग तथा सहकारी मन्त्रालय अन्तर्गतको पर्यटन विकास आयोजना, हेटौंडा र पर्यटन विकास आयोजना, इकाई कार्यालय, काठमाडौंको २०८० श्रावणदेखि २०८२ आषाढ मसान्तसम्म २ वर्षको लागि म्याद थप्ने निर्णय गरेको सरकारका प्रवक्ता कानुनमन्त्री श्रेष्ठले जानकारी दिए ।

दोलखाको जिरी नगर पालिकामा सञ्चालन हुने मानव निर्मित पर्यटकीय ताल निर्माण आयोजनाका लागि सो नगरपालिकामा जग्गा प्राप्ति ऐन २०३४ को उपदफा (क) बमोजिम करिब ५ सय ४१ दशमलव २३ रोपनी व्यक्तिगत जग्गा प्राप्ति गर्न जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, दोलखाका प्रमुखलाई जग्गा प्राप्ति सम्बन्धि प्रारम्भिक कारबाही चलाउन जिम्मेवारी तोकिएको कानुनमन्त्री श्रेष्ठले जानकारी दिए ।

# भारतलाई खुसी पार्न खोज्दा प्रचण्डलाई संकट

काठमाडौं/गत सोमबार राजधानीमा आयोजित एक कार्यक्रममा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले दिएको अभिव्यक्तिलाई लिएर प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले राजीनामा मागेको छ ।

बुधबार संघीय संसदको दुवै सदन अवरोध गर्दै एमालेले प्रधानमन्त्रीको राजीनामा मागेको हो । 'प्रधानमन्त्रीले जे बोल्नुभयो, नैतिकताका आधारमा उहाँ प्रधानमन्त्री पदमा बस्नु उपयुक्त हुन्न, उहाँले राजीनामा गर्नुस्' संसद अवरोधको औचित्यबारे नेकपा एमालेका सांसद रघुजी पन्तले भने ।

पन्तले प्रधानमन्त्रीले राजीनामा दिएर अर्को सरकार गठनको प्रक्रिया बढाउन सुझाव दिए । 'को मान्छे प्रधानमन्त्री बन्ने दलहरुले छलफल गर्लान् । तर जो दिल्लीतिर नफर्कने, नेपालतिर फर्कने, नेपाली माटोतिर फर्किने प्रधानमन्त्री चाहियो, जसले देशको गरिमा र मर्यादाको रक्षा गर्न सकोस्', उनले भने ।

राष्ट्रियसभा बैठकमा एमाले संसदीय दलका नेता देवेन्द्र दाहालले पनि प्रधानमन्त्रीले राजीनामा दिनुपर्ने बताए । सरदर प्रितम सिंहबारे लेखिएको पुस्तक विमोचन कार्यक्रममा प्रधानमन्त्री प्रचण्डले नेपालको सरकार निर्माण गर्दा भारतसँग छलफल हुने गरेको सन्देश जानेगरी अभिव्यक्ति दिएका थिए ।

त्यो कार्यक्रममा प्रचण्डले भनेका थिए, 'उहाँ (प्रितम सिंह) राजनीतिमा पनि रुचि राख्नुहुन्छ । उहाँले एकपटक मलाई प्रधानमन्त्री बनाउन धेरै मेहनत गर्नुभयो । धेरैचाटी दिल्ली पनि जानुभयो । काठमाडौंमा पार्टी र नेताहरुसँग पनि लगातार छलफल गर्नुभयो ।'

पुराना व्यवसायी सिंहको प्रशंसा गर्ने क्रममा प्रधानमन्त्री प्रचण्डले दिएको यस्तो अभिव्यक्तिमा विपक्षी दलहरु एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) लगायतले आपत्ति जनाएका छन् । एमालेले त राजीनामा नै मागेको छ । 'यति गम्भीर अभिव्यक्तिलाई त्यसै छोडेर हामी जनताको बीचमा जान सक्दैनौं, प्रधानमन्त्रीले राजीनामा गर्नुपर्छ', एमाले सांसद ठाकुर गैरे भन्छन् ।

प्रधानमन्त्री प्रचण्डले भने आफूले बोल्दै नबोलेको कुरालाई लिएर बबण्डर गर्न खोजिएको बताएका छन् । 'उहाँको (प्रितम सिंहको) बारेमा भनेको कुरालाई उचालेर अहिले बबण्डर गर्न खोजिएको छ । त्यो बेलुन पनि छिट्टै फुट्नेवाला छ । त्यसले केही हुनेवाला छैन', प्रचण्डले एक कार्यक्रममा भनेका छन् ।

प्रधानमन्त्रीका प्रेस सल्लाहकार गोविन्द आचार्य पनि अलग आसयमा दिइएको अभिव्यक्तिलाई गलत अर्थ लगाउने काम भइरहेको बताउँछन् । 'यो प्रधानमन्त्री कसले बनाएको हो भन्नेबारे केपी ओलीलाई राम्रोसँग थाहा छ । उहाँ नै प्रस्तावक हो । एमाले, रास्वपा, राप्रपाहरुले मत दिएको होइन ?' उनले प्रश्न गरे । तर अहिले प्रधानमन्त्रीलाई बदनाम गर्न तिनै दलहरु गलत अर्थ लगाउन तम्सिएको आचार्य बताउँछन् ।

राम्रो पारिवारिक सम्बन्ध भएकाले प्रितमले आफूप्रति राखेको सद्भावलाई त्यसदिनको कार्यक्रममा प्रधानमन्त्रीले सम्झिएको आचार्य तर्क गर्छन् । '१५ वर्ष अगाडि प्रधानमन्त्री पदबाट राजीनामा दिएपछि फेरि प्रधानमन्त्री हुनुहोस् भनेर प्रितमले राखेको सद्भाव त्यसदिन सम्झिएको मात्र हो', उनी भन्छन्, 'प्रितम एक सामान्य मान्छे हो, सामान्य मान्छेले भनेर पनि हुने कुरा होइन ।'

(स्रोत: अनलाइनखबर)

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

"तपाईं, हामी सबैको कुरा"
साझाकुरा
कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।
प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत
साझाकुरा
राष्ट्रिय दैनिक
वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।
www.sajhakuranews.com



सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

# बागमती सरकारद्वारा निजामती ऐनको कार्यान्वयन सुरु

साझाकुरा संवाददाता

हेटौंडा, २० असार/ बागमती प्रदेश सरकारले निजामती सेवा ऐनलाई कार्यान्वयनमा ल्याएको छ । निजामती सेवा ऐन संघीय सरकारले ल्याउन नसकेको अवस्थामा बागमती सरकारले कार्यान्वयन गरेको हो ।

सरकार सञ्चालनको अभ्यास सुरु गरेको ६ वर्षमै बागमती प्रदेश सरकारले निजामती सेवा ऐन ल्याएर कार्यान्वयन सुरु गरेको हो । बुधवारको प्रदेश मन्त्रिपरिषद्ले पहिलोपटक प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १५ को उपदफा १ बमोजिम डा. चन्द्रप्रसाद लुईंटेल र पूर्णबहादुर दर्जीलाई प्रदेश प्रशासन सेवा, एघारौं तहमा बढुवा गरेको सरकारका प्रवक्तासमेत रहेका आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठले जानकारी दिए । जब की, संघीयता कार्यान्वयनको आधा दशक बितिसक्दा पनि संघले निजामती सेवा ऐन बनाएर कार्यान्वयनको चरणमै पुग्न सकेको छैन ।

संविधानअनुसार संघ र प्रदेश सरकारको साझा अधिकारमा पर्ने निजामती सेवा ऐन संघले नबनाउँदा प्रदेशलाई सकस परेको यसअघिका मुख्यमन्त्री र मन्त्रीहरु बताउने गरेका थिए ।

संविधान अनुसार यस्ता २५ ऐन संघले निर्माण गरेपछि मात्र प्रदेशतहमा बन्न सक्ने अवस्था छ । तर, संघले निजामती ऐन निर्माणमा चासो नदिँदा लामो समयदेखि प्रदेशले ऐन अभावमा काम गर्न सकेको थिए । तसर्थ, संघीय सरकारको भर नपरी प्रदेशले निजामती सेवा ऐन अध्यादेशबाट ल्याएको थियो ।

बागमती सरकारद्वारा प्रदेश मन्त्रिपरिषद्को २४ साउन २०७९ मा बसेको बैठकले प्रदेश निजामती सेवा ऐन अध्यादेश ल्याउने निर्णय गरेसँगै प्रदेश प्रमुख यादवचन्द्र शर्माले ३१ साउन २०७९ मा प्रमाणीकरण गरेका थिए । कानुत: प्रदेश प्रमुखले अध्यादेश प्रमाणीकरण गरेपछि ऐन सरह लागू हुनेछ । प्रदेश सरकारले ल्याएको प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेशमा इन्जिनियरिङ, कृषि, न्याय, प्रशासन, वन, शिक्षा र स्वास्थ्य सेवा गरी ६ वटा सेवा र हने व्यवस्था गरेको थियो ।

**प्रदेश निजामती ऐनमा के छ ?**

प्रदेश निजामती ऐनमा प्रदेश निजामती कर्मचारीको अवकाशको उमेर हद ६० वर्ष कायम छ । प्रदेश निजामती सेवामा खुला प्रतिस्पर्धाबाट पूर्ति हुने पदमध्ये ४५ प्रतिशत पद समावेशी हुनेछ । उक्त ४५ प्रतिशतलाई १०० प्रतिशत मानेर महिलालाई ३९ प्रतिशत, आदिवासी जनजातिलाई ३७ प्रतिशत, दलितलाई ८ प्रतिशत, मधेसीलाई ७ प्रतिशत, अपाङलाई ५ प्रतिशत र पिछडिएको क्षेत्रलाई ४ प्रतिशत छुट्याई पदपुर्ति हुने व्यवस्था ऐनले गरेको छ ।

यस्तै, संघीय निजामती सेवा, जुनसुकै प्रदेश र स्थानीय सेवाका स्थायी कर्मचारी प्रदेश लोकसेवा आयोगको पदपूर्ति प्रक्रियाद्वारा बागमती प्रदेशको कुनै निकायमा नियुक्ति वा पदस्थापना भई साविक निकायबाट रमाना लिई आएमा सेवा अवधि जोडिने व्यवस्थासमेत ऐनले गरेको छ ।

समावेशीतामा आधारित निर्धारित पदहरुमा प्रत्यक्ष मताधिकारको आधारमा निर्वाचित हुने गरी कर्मचारीको आधिकारिक ट्रेड युनियनको व्यवस्था ऐनले गरेको छ ।

# शैक्षिक सहयोग अक्षयकोषको साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, २० असार/ शैक्षिक सहयोग अक्षय कोष, मकवानपुरको चौथो वार्षिक साधारणसभा मंगलबार सम्पन्न भएको छ । शैक्षिक सहयोग अक्षय कोष, मकवानपुरका अध्यक्ष रघुनाथ खुलालको अध्यक्षता एवम् बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलको प्रमुख आतिथ्यतामा साधारणसभा भएको हो ।

साधारणसभामा प्रमुख अतिथि पौडेलले पवित्र उदेश्यका साथ स्थापना भएको कोषलाई अगाडि बडाउन सबैले सहकार्य गर्नुपर्ने बताए । उनले शिक्षाको अवसरबाट कोही पनि बञ्चित हुन नपरोस भन्ने पवित्र उदेश्य संस्थाको रहेको भन्दै यसमा सबैको सहकार्य जरुरी रहेको बताए ।

मकवानपुर जिल्लामा आवश्यक्ताका आधारमा संस्था स्थापना भएकाले यसलाई जीवन्त बनाउँदै थप सुदृढ बनाउन सबैको प्रयास र प्रयत्न आवश्यक रहेको उनको भनाई थियो । पौडेलले शिक्षा पाउने सबै बालबालिकाको नैसर्गीक अधिकार भएपनि कतिपय अवस्थामा त्यस्ता बालबालिकाहरु अधिकारबाट बञ्चित भइरहेको हुँदा त्यस्ता बालबालिकाको अधिकार स्थापित गर्न र शैक्षिक क्रियाकलापमा जोड्न संस्थाले योगदान गर्नुपर्ने बताए ।

साधारणसभामा संस्थाका सचिव बद्री पाठकले सचिवको र कोषध्यक्ष रामकृष्ण थापाले प्रस्तुत गरेका आर्थिक प्रतिवेदन पारित गरेको छ । संस्थामा हालसम्म आजीवन सदस्य ७१ जना, विशिष्ट सदस्य ९ जना, साधारण सदस्य १५ जना र संस्थागत सदस्य १९ जना गरी ११४ जना सदस्य रहेका छन् ।


## TOUCH LAMP POWER ENGINEERING Pvt.LTD

Main road 4, Hetauda, Makwanpur, Nepal

VAT NO: 600614522 Contact : Sushil Prasad Senuria Baniya, 9855067375

**COST SHEET**

| Particulars | Cost Per unit (without VAT) | Profit margin 20% | Total Amount without VAT | 13% VAT | UNIT MRP inclusive of VAT |
|---|---|---|---|---|---|
| Wall split AC (1800 Btu, invetror type) | 62,567.42 | 12,513.48 | 75,080.90 | 9,760.52 | 84,841.42 |
| Wall split AC (1200 Btu, on/off type) | 40,684.04 | 8,136.81 | 48,820.85 | 6,346.71 | 55,167.56 |
| Wall split AC (2400 Btu, on/off type) | 73,243.46 | 14,648.69 | 87,892.15 | 11,425.98 | 99,318.13 |


## विमा पोलिसी हराएको सूचना

मेरो निम्न व्यहोराको जीवन विमालेख (पोलिसी) मिति २०८० जेठ २८ गते हेटौंडाको सीमा चोकबाट हुप्रचौरसम्म जाने क्रममा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न फोन नम्बर मा सम्पर्क गरी बुझाइदिनु हुन अनुरोध गरिन्छ ।

**विमा कम्पनीको नाम:** एसियन लाइफ इन्स्योरेन्स कम्पनी
**विमालेख (पोलिसी) नम्बर:** ७०१०००००३६०
**विमितको नाम:** निर्जन मगर
**विमितको ठेगाना:** विन्दबासी-७, पर्सा
**सम्पर्क फोन:** ९८४५०७२९१०






## गोदामघर भाडामा चाहियो

मकवानपुर जिल्लामा पर्ने पुर्व-पश्चिम राजमार्ग अन्तर्गत हेटौंडाबाट १७ किलोमिटर पश्चिम नारायणगढ जाने बाटोमा अबस्थित मनहरी गाउँपालिका वडा नम्बर- ९ खरङ्गामा साढे २ बिगाह जग्गामा रहेको व्यवस्थित तथा सुबिधायुक्त ९७०० र ३१०० स्क्वायर फिटको दुईवटा गोदाम घर, बत्ति पानीको सुबिधा सहितको अफिस तथा क्वाटर भाडामा रहेको हुँदा बहुराष्ट्रिय तथा राष्ट्रिय उद्योग प्रतिष्ठान तथा व्यवसायीक प्रयोजनका लागि सम्पर्क राख्नुहुन अनुरोध गर्दछु ।

**सम्पर्क : ९८०२५३०३०३**

बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
**यातायात व्यवस्था कार्यालय, हेटौंडा**
मकवानपुर, नेपाल

## यातायात व्यवस्था कार्यालय, हेटौंडाको सूचना

- यातायात व्यवस्था कार्यालय, हेटौंडाको सूचनाभाडामा चल्ने सवारी साधनको प्रत्येक ६-६ महिनामा सवारीको भौतिक अवस्था परिक्षण गरी यातायात व्यवस्था कार्यालयबाट जाँचपास प्रमाण-पत्र लिने गरौं ।
- सवारी चालक अनुमतिपत्र नविकरण गर्दा यस प्रदेशवाट जारी भएको हुनुपर्नेछ वा यस प्रदेश भित्र स्थायी बसोबास गरेको प्रमाण खुल्ने कागज पेश गर्नुपर्नेछ ।
- अन्यत्र कार्यालयबाट जारी भएको सवारी चालक अनुमतिपत्र नविकरण गर्नको लागि सो को अभिलेख Online मा देखिएको हुनुपर्नेछ ।
- सवारी चालक अनुमतिपत्र तथा सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपि सो जारी भएको कार्यालयबाट मात्र प्राप्त गर्न सकिन्छ ।
- भाडामा चल्ने सावरी साधनहरुले बाटो ईजाजत पत्र अनिवार्य रुपमा यातायात व्यवस्था कार्यालयहरुवाट लिने र समयमै नविकरण गर्ने गरौं । समयमा कर तिरौं, जरिवानाबाट बचौं ।

# पालुङ बहुउद्देश्यीय सहकारी संस्था लि.

## PALUNG MULTIPURPOSE CO-OPERATIVE SOCIETY LTD

पालुङ, मकवानपुर । Palung, Makawanpur


## तपशिलका ऋणीलाई कर्जा भुक्तानी गर्ने १५ दिने सार्वजनिक सूचना

*प्रकाशित मिति : २०८०/०३/२१*

यस सहकारी संस्थाबाट कर्जा लिनुहुने तपशिलको ऋणीले लिएको ऋण कर्जाको साँवा, व्याज र अन्य दस्तुर संस्थासँगको शर्त कबुलियतबमोजिम समय समयमा संस्थालाई तिर्न बुझाउन लिखित एवं मौखिक तरताकेता गर्नुको साथै राष्ट्रिय दैनिक पत्रपत्रिकामार्फत ऋण/कर्जा चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सो को बेवास्ता गरी संस्थालाई तिर्न बुझाउन पर्ने रकम बुझाउन नआएकोले कर्जा लिंदाको बखत सुरक्षणमा लेखि दिएको तपशिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा रहेको छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने भएको हुँदा सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

संस्थाको कर्जा सुरक्षण स्वरुप रहेको तपशिलमा उल्लेखित चलअचल सम्पत्ति (जग्गा) लिन इच्छुक महानुभावहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र यस संस्थाको प्रधान कार्यालय थाहा नगर पालिका वार्ड नं. ४ मकवानपुरमा आई पुग्ने गरि गोप्य शिलबन्धि बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ । तोकिएको समयभित्र संस्था समक्ष प्राप्त बोलपत्रहरु मिति २०८०।०४।०४ गते, दिनको ठिक ४:०० बजे संस्थाको प्रधान कार्यालय थाहा नगरपालिका वार्ड नं. ४ मकवानपुरमा खोलिनेछ । उक्त दिन समयमा उपस्थित हुनुहुन बोलपत्रवालाहरु साथै कर्जा सुरक्षण बापत संस्थाको नाममा जग्गा रोक्का गरिदिनु हुने धितो धनीतथा ऋणसँग सम्वन्धित सम्पूर्ण पक्षहरुलाई समेत यसै सुचनाद्वारा जानकारी गराउँदछौं । बोलपत्र फारम संस्थाको प्रधान कार्यालयबाट रु ५०० (फिर्ता नहुनेगरि) तिरी खरिद गर्न सकिनेछ । बोलपत्रका साथ लिलाम सकार्न कवुल गरेको कुल अंकको १० प्रतिशत धरौटीबापत जम्मा गर्नु पर्ने छ । बोलपत्रको सम्पूर्ण शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । लिलाम विक्री हुन लागेको सम्पत्तिको विस्तृत विवरण बुझ्न चाहेमा यस संस्थाको प्रधान कार्यालय थाना वजार मकवानपुरमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

**तपशिल**

| क्र.सं. | ऋणीको तिनपुस्ते विवरण | फोटो | धितोको विवरण |
|---|---|---|---|
| १. | **नाम : सिता दमाई**<br>पतिको नाम : सादुराम दमै<br>ससुराको नाम : गोबद्धेन दमै<br>ना.प्र.प.नं. ३३०<br>जारी मिति: २०४४।११।०६<br>ठेगाना: दामन ९, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने:**<br>**नाम** : सादुराम दमै<br>बाबुको नाम : गोबर्द्धन दमै<br>बाजेकोको नाम : थोते दमै<br>ना.प्र.प.नं. दामन ८३<br>जारी मिति: २०४३/०९/१५<br>ठेगाना::दामन ३, मकवानपुर |   | सादुराम दमैको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला शिखरकोट गा.वि.स वार्ड नं ९ स्थित कि.नं. ७७९/७८३ को क्षेत्रफल ०-३-२-१/०-०-२-२ को जग्गा । |
| २. | **नाम** : रमेश कुमार दमै<br>बाजेको नाम : पान्ते परियार<br>बाबुको नाम : साने दमाई<br>ना.प्र.प.नं. ८६०<br>जारी मिति: २०५१।०९।१८<br>ठेगाना: दामन ३, मकवानपुर |  | रमेश कुमार दमैको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला शिखरकोट गा.वि.स वार्ड नं ६ स्थित कि.नं. ७१४ को क्षेत्रफल ०-८-०-० को जग्गा । |
| ३. | **नाम** : बिनोद कुमार स्याङतान<br>बाबुको नाम : सानुकान्छा स्याङतान<br>बाजेको नाम : कृष्ण बहादुर स्याङतान<br>ना.प्र.प.नं. ३१३०३४/४७४<br>जारी मिति: २०४२/०१/१४<br>ठेगाना: बज्रबाराही ४, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>**नाम:** सुश्री पुर्णमाया रुम्बा<br>बाबुको नाम: कृष्ण बहादुर रुम्बा<br>पतिको नाम : सानुकान्छा स्याङतान<br>ना.प्र.प.नं. ३१३०३४/४०४<br>जारी मिति: २०६३/११/०८<br>ठेगाना:बज्रबाराही ४, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>**नाम:** सानुकान्छा स्याङतान<br>बाबुको नाम: कृष्ण बहादुर स्याङतान<br>बाजेको नाम : पर्शुरामबहादुर स्याङतान<br>ना.प्र.प.नं. १४३५<br>जारी मिति: २०४३/०८/२६<br>ठेगाना: बज्रबाराही ४, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>**नाम:** सुन्दर स्याङतान<br>बाबुको नाम :सानुकान्छा स्याङतान<br>बाजेको नाम : कृष्ण बहादुर स्याङतान<br>ना.प्र.प.नं.<br>जारी मिति:<br>ठेगाना::बज्रबाराही ४, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>**नाम:** सुनिल स्याङतान<br>बाबुको नाम :सानुकान्छा स्याङतान<br>बाजेको नाम : कृष्ण बहादुर स्याङतान<br>ना.प्र.प.नं.<br>जारी मिति:<br>ठेगाना::बज्रबाराही ४, मकवानपुर |     | पुर्णमाया रुम्बाको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला टिष्टुङ गा.वि.स वार्ड नं ६ स्थित कि.नं. ११४४ को क्षेत्रफल ११-१२-२-१ को जग्गा ।<br><br>सानुकान्छा स्याङतानको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला टिष्टुङ गा.वि.स वार्ड नं २ स्थित कि.नं. १५८२ को क्षेत्रफल ०-११-०-० को जग्गा |
| ४. | **नाम** : अरुण कार्की<br>बाबुको नाम : सितारमा कार्की<br>बाजेको नाम : सँजिता कार्की<br>ना.प्र.प.नं. ४०/३२९<br>जारी मिति: २०५२/१०/२१<br>ठेगाना: दामन २, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>**नाम:** सँगीता कार्की<br>बाबुको नाम: ईन्द्र बहादुर अधिकारी<br>पतिको नाम : अरुण कार्की<br>ना.प्र.प.नं. ३१३०३७/४०२<br>जारी मिति: २०६३/१०/१२<br>ठेगाना: दामन २, मकवानपुर |   | अरुण कार्कीको नाउँमा मालपोत कार्यालय हेटौंडामा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला पदमपोखरी गा.वि.स वार्ड नं ४ स्थित कि.नं. ४३१५ को क्षेत्रफल ०-०-११.७५-० को जग्गा । |
| ५. | **नाम** : बिबिता कार्की<br>बाबुको नाम : प्रेम बहादुर थापा<br>पतिको नाम : बिनोद कार्की<br>ना.प्र.प.नं. ३१३०३५/५५३<br>जारी मिति: २०६३/१०/२२<br>ठेगाना: पालुङ ४, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>**नाम:** बिनोद कार्की<br>बाजेको नाम: शेर बहादुर<br>बाबुको नाम: अर्जुन बहादुर कार्की<br>ना.प्र.प.नं. ४०/५७२<br>जारी मिति: २०५५/०१/११<br>ठेगाना: पालुङ ४, मकवानपुर |   | बिनोद कार्कीको नाउँमामा लपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला पालुङ गा.वि.स वार्ड नं ३/४ स्थित कि.नं. ७०५/८३७/८३९/८४० को क्षेत्रफल १-४-१-१/०-१०-०-१/०-१४-२-३/०-१०-०-१ को जग्गा । |
| ६. | **नाम** : किरण विक्रम बिष्ट<br>बाबुको नाम : भोलाबहादुर बिष्ट<br>बाजेको नाम : लालबहादुर बिष्ट<br>ना.प्र.प.नं. ३८९<br>जारी मिति: २०४१/११/१८<br>ठेगाना: दामन १, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>**नाम:** उर्मीला मुडवरी<br>पतिको नाम: किरण विक्रम बिष्ट<br>बाबुको नाम: रामप्रसाद मुडवरी<br>ना.प्र.प.नं. ३१३०२१/२५९<br>जारी मिति: २०६३/११/१९<br>ठेगाना: पदमपोखरी-५, मकवानपुर |   | किरण विक्रम बिष्टको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला शिखरकोट गा.वि.स वार्ड नं १ स्थित कि.नं. ३२ को क्षेत्रफल २-१२-२-३ को जग्गा । |
| ७. | **नाम** : ध्रुब कार्की<br>बाबुको नाम: गणेश बहादुर कार्की<br>बाजेको नाम : हेम बहादुर कार्की<br>ना.प्र.प.नं. ६४ ना.म.<br>जारी मिति: २०४४/११/०१<br>ठेगाना: दामन ५, मकवानपुर |  | ध्रुव कार्कीको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला शिखरकोट गा.वि.स वार्ड नं ३/५ स्थित कि.नं. १४७८/५४४ को क्षेत्रफल ०-६-०-०/१-१-१-० को जग्गा ।<br>यातायात व्यवस्था कार्यालय नारायणीमा दर्ता वहाल रही यस संस्थाको नाममाध्रुवकार्की ऋणी रहने गरी नामसारी भएको ना.२.ख. ९६७७/ना.२.ख. ७१०९ को भाडा टूक<br>Na 2 Kha 9677<br>Engine Number: 40G62342442<br>Chasis Number: 388050GVZ123032<br>Na 2 Kha 7109:<br>Engine Number 20J62240207<br>Chasis Number: 3880050JXZ118841 |
| ८. | **नाम** : रुपचन्द्र गोपाली<br>बाबुको नाम : बुद्धिलाल गोपाली<br>बाजेको नाम : मानबहादुर गोपाली<br>ना.प्र.प.नं. ४४/९४३<br>जारी मिति: २०५८/०३/२०<br>ठेगाना: बज्रबाराही-७, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>**नाम:** बुद्धिलाल गोपाली<br>बाबुको नाम:मानबहादुर गोपाली<br>बाजेको नाम: रत्नमान गोपाली<br>ना.प्र.प.नं. ३१२०<br>जारी मिति:२०३९/१२/१६<br>ठेगाना: थहचोक ७, मकवानपुर |   | बुद्धिलाल गोपालीको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला टिष्टुङ गा.वि.स वार्ड नं ३ स्थित कि.नं. १६३३/१३९६/१४१९/८३० को क्षेत्रफल २-१०-०-०/०-९-०-०/२-३-३-०/२-९-३-० को जग्गा । |
| ९. | **नाम** : रत्नबहादुर पोडे<br>बाबुको नाम : सुकुमान पाडे<br>बाजेकोको नाम : शंखबिर पोडे<br>ना.प्र.प.नं. ६<br>जारी मिति: २०४३।०५।३०<br>ठेगाना: टिष्टुङ २, मकवानपुर<br>**व्यक्तिगत जमानत दिने**<br>**नाम** : सुकुमान पोडे<br>बाबुको नाम : शंखबिर पोडे<br>बाजेको नाम : तेजबिर<br>ना.प्र.प.नं. ५६<br>जारी मिति: २०४०।०१।११<br>ठेगाना: टिष्टुङ २, मकवानपुर |   | सुकुमान पोडेको नाउँमा मालपोत कार्यालय मकवानपुरमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला टिष्टुङ गा.वि.स वार्ड नं २ स्थित कि.नं. १००० को क्षेत्रफल २-८-२-० को जग्गा । |

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना